# नगरपालिका स्तरिय क्षतीपुर्ति सहितको नागरिक वडापत्र
## कार्यान्वयन मिति :– १ भाद्र, २०७१

| सि. नं. | सेवाको प्रकार | आवश्यक पर्ने कागजात | प्रक्रिया र चरण | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवारी | गुनासो सुन्ने अधिकारी | क्षतिपूर्ति को रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | नाता प्रमाणित | ● सम्वन्धित वडा कार्यालयको सिफारिस<br>● नागरिकताको प्रमाण पत्रको प्रतिलिपि<br>● नगर वाहिरको नागरिकता भएमा बसाइँ सराइ प्रमाण पत्रको प्रतिलिपि<br>● जस-जसको वीचमा नाता कायम गर्नु पर्ने हो सो संग सम्बन्धित उमेर पुगेको व्यक्तिको हकमा ना.प्र.प.को प्रतिलिपि र नाबालक भएमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>● पेन्सनर (पेन्सन पाउने व्यक्ति) भए नाम, नम्बर  र पद खुलेको तथा पति पत्नीको नाम देखिने पेन्सन पट्टाको प्रतिलिपि<br>● आवश्यकता अनुसार विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि, घटना दर्ता लागू हुनु भन्दा पहिलेको विवाह भएमा विवाह सिफारिस पत्रको प्रतिलिपि<br>● मृतक स"ग नाता प्रमाणित गर्नु पर्ने भएमा मृत्युदर्ताको प्रतिलिपी<br>● २ प्रति फोटो<br>● सरसफाई परिचय पत्र | उल्लेखित कागजातहरु सहित सम्बन्धित वडा मार्फत निवेदन लिई सो निवेदनमा सम्बन्धित वडाका वडाध्यक्ष ( वडाध्यक्ष नभएको अवस्थामा सचिव) को सिफारिस गराई न.पा.मा निवेदन दिएमा सो निवेदन सन्दर्भमा अनिवार्य रुपमा स्थलगत सरजमिन तथा अन्य जाँचबुझ (आवश्यकता अनुसार प्रहरी प्रतिवेदन लिई)  गरी प्रमाणित गरिनेछ ।<br><br>नोट :<br><br>यसरी जाँचबुझ गर्दा पनि केही कुराहरु अष्पष्ट देखिन आएमा सोको पुष्टि नभए सम्म नाता प्रमाणित गर्न न.पा. बाध्य हुने छैन  । | नेपाली मा ३७५।००<br><br>अग्रेजीमा रु ६२५।०० | निवेदन दर्ता भएको मितिले २ दिन | प्रशासन शाखा | नगर प्रमुख | ३००। |
| २ | चारकिल्ला प्रमाणित | ● सम्वन्धित वडा समितिको सिफारिस<br>● ना.प्र.प.को प्रतिलिपि ।<br>● जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।<br>● चालु आ.व.को सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपि ।<br>● नापी नक्शाको प्रतिलिपि ( आवश्यकता अनुसार)<br>● सरसफाई परिचय पत्र | उल्लेखित कागजात सम्बन्धित व्यक्तिले सम्बन्धित वडाबाट निवेदन ढांचा लिई सोमा सम्बन्धित वडाबाट स्थलगत सर्जमिन गराई वडाको सिफारिस सहित न.पा. मा निवेदन दर्ता गरेमा चारकिल्ला प्रमाणित सिफारिस उपलब्ध गराइनेछ ।<br><br>*नोट - विवादित जग्गाको हकमा चारकिल्ला* | विक्रि प्रयोजनको लागी ६२५।००<br><br>अन्य प्रयोजनको लागी २५०।०० | निवेदन दर्ता भएको २ दिन | जग्गा उपशाखा | नगर प्रमुख | ३००। |

| सि. नं. | सेवाको प्रकार | आवश्यक पर्ने कागजात | प्रक्रिया र चरण | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवारी | गुनासो सुन्ने अधिकारी | क्षतिपूर्तिको रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | *प्रमाणित गरिने छैन ।* | | | | | |
| ३ | अस्थायी नक्शा पास | ● ना.प्र.प.को प्रतिलिपि<br>● जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि<br>● चालू आ.व.को सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपि ।<br>● प्रमाणित फाइल नक्शा वा नापी नक्शाको प्रतिलिपि ।<br>● राजिनामाको प्रतिलिपी ।<br>● चारकिल्ला प्रमाणित मुचुल्का<br>● स्वीकृती प्राप्त प्राविधिकबाट तयार भएको घरको डिजाईन नक्सा न.पा.ले तोकेको स्केल बमोजिम साईजको ३/३ प्रति ।<br>● बनिसकेको घरमा तल्ला पूर्व स्वीकृती नक्साको प्रतिलिपी ।<br>● अरुको जग्गामा घर निर्माण गर्नुपर्ने भएमा जग्गाधनीको मन्जुरनामा ।<br>● सरसफाई परिचय पत्र (दोस्रो घर निर्माण गर्ने भएमा मात्र) | ● न.पा. द्वारा निर्धारित मापदण्ड तथा प्रचलित नियम अनुसारको नक्शा तयार पारी घरधनीले पेश ।<br>● लाग्ने दस्तुर दाखिला गराई दर्ता गराउने र सांध संधियारको नाममा १५ दिने दावी विरोधको सूचना टाँस गराउने, सूचनाको म्याद पूरा भएपछि दावी विरोध नआएमा सम्बन्धित जग्गामा सम्बन्धित वडाध्यक्ष ( वडाध्यक्ष नभएको अवस्थामा सचिव) को रोहवरमा सर्जमिन मुचुल्का गराउने गरी निर्माण कार्यको अस्थायी ईजाजत दिइनेछ । | आर.सि.सि. सिमेन्टको प्रतिवर्ग फिट रु ८।००, सो भन्दा माथी रु १०।००, काठको टाँडी वा काचो ईटा गारोमा प्रतिवर्ग फिट रु १।००, माटो छाप्रो आदिलाईं छुट, कितावमा प्रति ६००।००, प्रतिलिपि दस्तुर १५०।००, पर्खालमा प्रति रनिङ्ग फिट रु १५।००<br>सेवा शुल्क पिचमा १५००।०० कच्चिमा ७००।०० | सर्जिमिन भएर आएको ७ दिन भित्र (नक्सा स्विकृत गर्ने अधिकारी कार्यालय मा उपस्थित भएमा मात्र ) | घरनक्सा शाखा | बरिष्ठ अधिकृत सामान्य प्रशासन महाशाखा | ३००। |